# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

The Soaltee
KATHMANDU

The Soaltee | Gategourmet

Horizon Lounge

# ४७ औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त वार्षिक प्रतिवेदन

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको)




# आर्थिक वर्ष २०७७/७८

## ताहाचल, काठमाण्डौं, नेपाल ।

# सोल्टी होटल लिमिटेडको ४७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभाव,**

मिति २०७८ आश्विन २२ गते (८ अक्टूबर २०२१) शुक्रबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २३५औं बैठकको निर्णय अनुसार यस कम्पनीको **४७औं वार्षिक साधारण सभा** निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा अभौतिक माध्यम अर्थात भर्चुवल भिडियो कन्फेरेन्स (Virtual video conference medium) माध्यमबाट उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान:**

**मिति:** **२०७८ साल मंसिर २८ गते तद्नुसार १४ डिसम्बर २०२१, मंगलबारका दिन ।**

**समय:** **बिहान ११.००बजे ।**

**स्थान:** **कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल, काठमाडौं ।**

विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाभाइरस (कोभिड - १९) माहामारीको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठक भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सञ्चालन गरिनेछ । सो बैठकमा शेयरधनीहरुको उपस्थित भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट सुनिश्चित गरिने भएकोले भौतिक उपस्थितीमा नेपाल सरकारद्वारा जारी (कोभिड - १९) नियन्त्रण तथा रोकथाम सम्बन्धि जनस्वास्थ्यका अत्यावश्यक प्रोटोकल निर्देशन अनुपालनहरु कडाईका साथ पालना गर्दै शेयरधनी महानुभावहरुको साधारण सभामा सहभागीता भर्चुवल भिडियो कन्फेरेन्स अनलाइन माध्यमबाट उपस्थितिको लागि अनुरोध गरिएकोछ र सोहि अनुसार व्यावस्था गरिनेछ ।

२. **छलफलका विषयहरु:**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को सञ्चालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) का **वार्षिक आर्थिक विवरणहरु**, (Financial Statements), २०७८ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको **एकिकृत आर्थिक विवरणहरु**, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को लागि कम्पनीको **बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक** निर्धारण गर्ने ।

४. कम्पनीको संचालक समितिमा संगठित संस्थाबाट मनोनित हुनुभएका संचालकहरुको सम्बन्धमा जानकारी लिने, संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका सर्वसाधारण शेयरधनीहरुबाट **तीन जना संचालक**हरुको निर्वाचन गर्ने र **स्वतन्त्र संचालक** नियुक्त गर्ने ।

(ख) **विविध**

५ विविध: अध्यक्षको अनुमति अनुसार ।

**संचालक समितिको आज्ञाले**

**(लिल बहादुर खत्री)**
**कम्पनी सचिव**

संलग्न कागजातहरु:
१. ४७औं वार्षिक साधारणसभा र संचालक निर्वाचन सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने निवेदन फाराम र प्रवेश पत्र ।
२. आर्थिक वर्ष २०७७/७८ को कम्पनी ऐनको दफा ८४ अनुसारको लेखापरीक्षकको प्रतिवेदन र एकिकृत आर्थिक विवरणहरु सहितका सक्षिप्त बार्षिक आर्थिक विवरणहरु, संक्षिप्त संचालक समितिको प्रतिवेदन ।

## ४७औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१. विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोनाभाइरस (कोभिड - १९) महामारीको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठक भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सञ्चालन गरिनेछ। कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट शेयरधनिहरुको सहभागिताको लागि जसले पहिला दर्ता गर्दछ वा पहिलो भर्चुअल सहभागी हुन जानकारी गराउछ उसले सेवा पाउछको आधारमा ( first come first served basis) भर्चुअल भिडियो कन्फरेन्स शेयरधनिहरुको आधिकारिक ईमेल आई डी मा Video conference लिंक (link) उपलब्ध गराइनेछ। साथै भिडियो कन्फरेन्सिंग (भर्चुअल) मार्फत ४७औं वार्षिक साधारण सभाको बैठकमा भाग लिने शेयर धनिहरूको भर्चुअल सहभागितालाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपूरक संख्या गणनागर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ।

२. ४७औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब सोमबार, २०७८ मंसिर ६ गते (22nd November 2021) देखि, मंगलबार, २०७८ मंसिर २८ (14th December 2021) गते सम्म अर्थात ४७औं वार्षिक साधारण सभा सम्पन्न नभए सम्मका लागि बन्द रहनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८ मंसिर ५ गते सम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

३. भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनी महानुभावहरुलाई ४७औं वार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ। भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनिहरुको हाजिर निजहरुले गरेको भर्चुअल लगईन (Virtual Log-in ) को आधारमा गरिनेछ। शेयरधनीहरुलाई सहभागिताको लागि भर्चुअल भिडियो कन्फरेन्स शेयरधनिहरुको आधिकारिक ईमेल आईडीमा Video conference लिंक (link) कम्पनीको ईमेल legal@soaltee.com.np बाट पठाउने व्यवस्था गरिनेछ।

४. ४७औं वार्षिक साधारण सभाको सूचना सहितको संक्षिप्त आर्थिक विवरण २०७७/७८ शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेका ईमेल ठेगानामा प्रेषित गरिने छ। **साधारण सभाको सूचना र वित्तीय विवरणहरु सहितको ४७औं वार्षिक प्रतिवेदन २०७७/७८ यस कम्पनीको वेबसाईट Website:** http://www.soalteehotel.com**मा हेर्न सकिने छ।**

५. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७८ मंसिर २१ (७ डिसम्बर २०२१) गते मंगलबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ। तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

६. शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालय, ताहाचलमा दर्ता गरी सक्नु पर्नेछ।

७. निर्वाचन कार्यक्रमको सूचना कम्पनीको कार्यालय, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचनको दिन भन्दा कम्तीमा १५ दिन पहिले प्रकाशित हुनेछ। यस सम्बन्धी थप अन्य विवरण एवं जानकारी निर्वाचन अधिकृतको कार्यालय, ताहाचल, सोल्टी होटेल परिसरबाट, प्राप्त गर्न सकिनेछ।

८. सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचनको मतदान निर्वाचन कार्यतालिका अनुसार शेयरधनीहरु स्वयम वा प्रतिनिधि (प्रोक्सी) सभास्थलमा उपस्थीत भई कोभिड - १९ सम्बन्धी जनस्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी मत दिने व्यवस्था गरिनेछ।

९. शेयरधनीहरुलाई कम्पनीको ४७औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १० बजे देखि अपरान्ह ४ बजे सम्म (दिउंसो १ देखि २ बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ।

१०. कम्पनीको शेयर रजिष्ट्रार एनआइ बि एल एस क्यापिटल लि. रहेको समेत जानकारी गराउदछौं।

---

**भिडियो कन्फरेन्सिङ भर्चुवल (जुम ) प्रविधिको प्रयोगको माध्यमबाट कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठकमा भर्चुवल उपस्थित भई भाग लिनको लागि शेयरधनी महानुभावहरुले अपनाउनु पर्ने विशेष विधिहरुको सम्बन्धमा जानकारी सम्बन्धी सूचना :-**

१. सहभागी हुने शेयरधनीलाई जुम प्रविधि (ZOOM Applications) को प्रयोग मार्फत भिडियो कन्फरेन्सिङ (भर्चुवल) माध्यमबाट कम्पनीको र जिष्टर्ड कार्यालय, सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा हुने ४७औं वार्षिक साधारण सभाको बैठकमा उपस्थित हुनका लागि बैठकमा भागलिने सबै
शेयरधनि महानुभावहरूले अग्रीम रुपमा कम्तीमा एक दिन अगाडी शेयरधनिहरूको कम्पनीमा उपलब्ध / शेयरधनी दर्ता किताबमा रहेको / प्राप्त हुन आएको सम्बन्धित आधिकारिक ईमेल आईडीमा कम्पनीबाट प्रदान गरिएको लिंक मार्फत अग्रिम नाम रजिष्ट्रेसन गरी कन्फर्मेशन लिनु पर्नेछ। रजिष्ट्रेसन भएपछि सहभागी हुने शेयरधनिहरूले कम्पनीको सिस्टम सर्पोटबाट एक कन्फर्मेशन (पुष्टीकरण) ईमेल प्राप्त गर्नुहुनेछ जसमा बैठकमा सामेल हुने सम्बन्धी जानकारी सहित बैठकमा भर्चुवल उपस्थित हुने लिंक समावेश हुनेछ।

२. बैठकमा भर्चुवल उपस्थित भई आफ्नो मन्तव्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तीमा **दुई दिन अगावै** कम्पनी सचिव वा कम्पनीको आधिकारिक ईमेल आईडी legal@soaltee.com.np माध्यमबाट सम्पर्क गरी आफ्नो नाम टिपाउदा शेयरधनीको नाम, शेयरधनी संकेत नम्बर वा डिम्याटको BOID नम्बर, धारण गरेको शेयर संख्या, शेयरधनीको ईमेल, मोबाइल नम्बर कम्पनीलाई उपलब्ध गराउनु हुन अनुरोध छ।

३. ४७औं वार्षिक साधारण सभाको बैठकमा भर्चुअल सहभागीताबाट संचालन हुने भएकाले प्रविधिको सिमितता, समयको पावन्दी, उपलब्धता र इन्टर नेटको रुकावट जस्ता प्राविधिक कठिनाईलाई मध्येनजर राखि आफ्नो मन्तव्य राखी दिनुहुन समेत शेयरधनी महानुभवहरु समक्ष हार्दिक अनुरोध छ।

४. ४७औं वार्षिक साधारण सभाको बैठकको भर्चुवल सहभागीता प्राविधिक रुपमा राम्रो अनुभव गर्नका लागि शेयरधनी महानुभावहरुलाई ल्यापटप मार्फत बैठकमा सहभागी हुन प्रोत्साहित गर्दछौं।

५. मोबाइल उपकरण वा ट्याब्लेटबाट वा ल्यापटप मार्फत जडान हुने मोबाइल हटस्पट मार्फत सहभागी हुने शेयरधनी महानुभावहरूले आफ्नो नेटवर्कमा अस्थिरताको कारण अडियो र भिडियो प्रस्तुतिमा श्रब्य दृश्यको गुणस्तर विग्रन सक्ने हुँदा स्थिर वाइफाइ र LAN connection (ल्यान जडान) विधि प्रयोग गर्न सिफारिस गरिन्छ।

**B.K. AGRAWAL & CO.**
CHARTERED ACCOUNTANTS
MEMBER CROWE GLOBAL

Saraswati Vatika
122 Pannahiti Marg,
Sifal - Ward No. 7
P.O. Box 3761, Kathmandu, Nepal.
T: +977-1-4481865, 4467694
F: +977-1-4480065
E: bkag@crowe.com.np
W: www.crowe.com/np

# Independent Auditors' Report to the Shareholders of Soaltee Hotel Limited & Group

## Report on the Summarized Consolidated & Standalone Financial Statements

### Opinion:

The accompanying summarized consolidated & standalone financial statements which comprise of the summarized Statement of Financial Position as at Ashad 31, 2078 (July 15, 2021), and the summarized Statement of Profit or Loss, summarized Statement of Other Comprehensive Income and summarized Statement of Cash Flows attached thereto for the year ended at Ashad 31, 2078 (July 15, 2021).

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid summarized consolidated & standalone Financial Statements are consistent, in all material aspects, with the audited financial statements, in accordance with the Nepal Financial Reporting Standards.

### Summarized Financial Statements:

The summarized consolidated and standalone financial statements do not contain all the disclosures required by the Nepal Financial Reporting Standards applied in the preparation of the audited consolidated and standalone financial statements of Soaltee Hotel Limited. Reading the summarized financial statements and the auditors' report thereon, is not a substitute for reading the audited consolidated and standalone financial statements and auditor's report thereon.

### The Audited Consolidated and Standalone Financial Statements and Our Report Thereon:

We expressed an unmodified audit opinion on the audited consolidated and standalone financial statements in our report dated 22 Ashwin 2078 (8 October 2021). That report also includes:

Emphasis of matter section that draws attention to Note 2.1.3 (e) and Note 4.21 of the financial statements, which mentions the possible effects of uncertainties relating to COVID-19 pandemic on the Soaltee Hotel Limited's financial performance as assessed by the Management.

Key Audit Matters are those matters that in, our professional judgment, were of most significance in our audit of the financial statements of the current period. We have considered Revenue Recognition and Property, Plant & Equipment and Investment Property as Key Audit Matters in our report.

### Management's Responsibility:

Management is responsible for the preparation of the summarized audited consolidated and standalone financial statements in accordance with Nepal Financial Reporting Standards.

### Auditors Responsibility:

Our responsibility is to express an opinion on whether the summarized consolidated and standalone financial statements are consistent, in all material respects, with the audited consolidated and standalone financial statements based on our procedures, which were conducted in accordance with Nepal Standards on Auditing NSA) 810 Engagements to Report on Summary Financial Statements.

Kathmandu
Date: 8th October, 2021

B.K. Agrawal & Co. Kathmandu Chartered Accountants

**B.K. Agrawal, FCA**
*Managing Partner*
**For: B.K. Agrawal & Co.**
Chartered Accountants
UDIN: 211011CA00018MkJ4N

B.K. Agrawal & Co. is a member of Crowe Global, a Swiss verein. Each member firm of Crowe Global is a separate and independent legal entity. B.K. Agrawal & Co. and its affiliates are not responsible or liable for any acts or omissions of Crowe Global or any other member of Crowe Global. Crowe Global does not have an ownership or partnership interest in B.K. Agrawal & Co.

(कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु)

# सोल्टी होटल लिमिटेड

## आर्थिक वर्ष २०७७/७८ को संक्षिप्त वार्षिक आर्थिक विवरण

**श्री शेयरधनी महानुभाव,**

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को समिक्षा आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को **नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards– NFRS)** बमोजिम तयार गरी **लेखापरिक्षण गरिएका संक्षिप्त वार्षिक आर्थिक विवरणहरु** देहाय बमोजिम छन्:–

### २०७८ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०७८ (१५ जुलाई २०२१) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०७८ (१५.०७.२०२१) | ३१.०३.२०७७ (१५.०७.२०२०) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,४३३,१७६,३६९ | १,४३३,९६४,६३७ |
| अमूर्त सम्पत्ति | ३.२ | १,२०६,३३८ | २,०३४,७३९ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ९१,१५५,७४१ | ९३,१३४,८६४ |
| स्थगन कर सम्पत्ति | ३.४ | १,१४१,३१६ | ५०,७१०,४५४ |
| लगानी | ३.५ | २८३,८९५,२५८ | २८३,८९९,१८० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३६,२७३,४८१ | ५८,३१९,१३५ |
| **कुल गैर चालु सम्पत्ति** | | **१,८४६,८४८,५०३** | **१,९२२,०६३,००९** |
| **चालु सम्पत्ति** | | | |
| जिन्सी मौज्दात | ३.७ | ७४,१३१,५०५ | ६८,७५२,२४६ |
| आयकर प्राप्य | ३.१३ | २७,३२३,२८७ | २०,७१०,८२० |
| लगानी | ३.५ | – | ८०,०००,००० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २०८,९५४,६८१ | २०२,८६७,०८० |
| अग्रिम भुक्तानी | | ९,८९८,९८२ | ९,२२०,४९१ |
| नगद र नगद सरह | ३.८ | २८,६९०,६९१ | २०९,९१५,९९७ |
| **कुल चालु सम्पत्ति** | | **३४८,९९९,१४६** | **५९१,४६६,६३४** |
| **कुल सम्पत्ति** | | **२,१९५,८४७,६४९** | **२,५१३,५२९,६४३** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा र मुनाफा** | | | |
| शेयर पूँजी | ३.९ | ८४२,५७९,७३० | ८४२,५७९,७३० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | ५८९,६६४,०८९ | ८१४,६०१,५१० |
| **कुल पूँजी** | | **१,४३२,२४३,८१९** | **१,६५७,१८१,२४०** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| ऋण तथा सापटी | ३.११ | १,१२४,७७९ | २,६०१,०२४ |
| कर्मचारी सुविधाहरु | ३.१२ | १७२,३०७,३५३ | ३७२,७३५,०८३ |
| व्यापार तथा अन्य देय | ३.१४ | २८,८०८,७०५ | ३७,५९९,११२ |
| **कुल गैर चालु दायित्व** | | **२०२,२४०,८३७** | **४१२,९३५,२१९** |
| **चालु दायित्व** | | | |
| ऋण तथा सापटी | ३.११ | ९४,५७९,५०४ | १,२२३,३५६ |
| कर्मचारी सुविधाहरु | ३.१२ | ९,८८१,०२५ | ३५,६०४,९३५ |
| व्यापार तथा अन्य देय | ३.१४ | ४५६,९०२,४६४ | ४०६,५८४,८९३ |
| **कुल चालु दायित्व** | | **५६१,३६२,९९३** | **४४३,४१३,१८४** |
| **कुल दायित्व** | | **७६३,६०३,८३०** | **८५६,३४८,४०३** |
| **कुल पूँजी तथा दायित्व** | | **२,१९५,८४७,६४९** | **२,५१३,५२९,६४३** |

| (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| प्रबन्धक वित्त | कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस् |

# सोल्टी होटल लिमिटेड

## २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)

## (३१ आषाढ २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०७७-७८ (२०२०-२१) | २०७६-७७ (२०१९-२०) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१५ | ४२०,२१२,३७७ | १,१५१,९४२,८४७ |
| अन्य आम्दानी | ३.१६ | ३३,७१४,२१२ | ११२,०६६,०२० |
| **कुल आय** | | **४५३,९२६,५८९** | **१,२६४,००८,८६७** |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१७ | १२३,८९०,९७५ | २०६,२३९,६४४ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१८ | २१३,९८३,८५८ | ४४३,५०५,४०२ |
| व्यवस्थापन शुल्क | | २,४५७,८५२ | २८,५२५,६११ |
| संचालन आपूर्ती खर्च | ३.१९ | ९४,८९४,५८६ | १८७,१४१,१८८ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ९३,९९५,२४५ | ९१,९५३,०३७ |
| अन्य खर्च | ३.२० | ९७,१९६,८४९ | १६६,१४२,६५९ |
| **कुल खर्च** | | **६२६,४१९,३६५** | **१,१२३,५०७,५४१** |
| **संचालनबाट मुनाफा** | | **(१७२,४९२,७७६)** | **१४०,५०१,३२६** |
| वित्त लागत | | २,८७१,५८४ | ५७८,४५८ |
| **कर अघिको मुनाफा** | | **(१७५,३६४,३६०)** | **१३९,९२२,८६८** |
| **आयकर** | | **४९,५६९,१३८** | **२७,८८०,७२१** |
| चालु आयकर | | - | १५,९०२,७९३ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ४९,५६९,१३८ | ११,९७७,९२८ |
| **निरन्तर संचालनबाट भएको मुनाफा** | | **(२२४,९३३,४९८)** | **११२,०४२,१४७** |
| संचालन नभएको व्यवसायबाट भएको नाफा/(नोक्सान) (कर पश्चात) | | - | - |
| **वर्षको खुद मुनाफा** | | **(२२४,९३३,४९८)** | **११२,०४२,१४७** |
| **अन्य कम्प्रीहेन्सीब आय** | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | (३,९२३) | २०० |
| **कुल कम्प्रीहेन्सीब आय** | | **(२२४,९३७,४२१)** | **११२,०४२,३४७** |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२१ | (२.६७) | १.३३ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | (२.६७) | १.३३ |

| *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| प्रबन्धक वित्त | कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस् |

# सोल्टी होटल लिमिटेड

## २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को नगद प्रवाह विवरण
## (३१ आषाढ २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०७७-७८ (२०२०-२१) | २०७६-७७ (२०१९-२०) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| वर्षको कर अघिको मुनाफा | (१७५,३६४,३६०) | १३९,९२२,८६८ |
| **समायोजनहरु** | | |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (५१८,५०९) | (५८४,२०१) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (८२८,१३८) | (१९,०२९,७६०) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | (२०६,००९) | (२,१५०,५९८) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | २०६,००९ | २,१५०,५९८ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,००० |
| बोनस व्यवस्था | - | १३,९९२,२८७ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ९३,९९५,२४५ | ९१,९५३,०३७ |
| वित्त लागत | २,८७१,५८४ | ५७८,४५८ |
| **कार्यशील पूँजी परिवर्तन अघिको संचालन मुनाफा** | **(७४,८४४,१७८)** | **२३१,८३२,६८९** |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १०,९५८,०५३ | ६४,५५६,०६७ |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (५,३७९,२५९) | २८,६४३,५२४ |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (६७८,४९१) | १०,८८२,१६० |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५०,९४६,१४४ | २५,०७९,४३२ |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (२१२,१५९,३५३) | (३७१,२०२) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **(२३१,१५७,०८४)** | **३६०,६२२,६७०** |
| बोनस भुक्तानी | (१३,९९२,२८७) | (३८,३९१,३१४) |
| आयकर भुक्तानी | (६,६१२,४६७) | (२७,८३३,२५७) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **(२५१,७६१,८३८)** | **२९४,३९८,०९९** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको विक्रीबाट प्राप्त | १,२८७,४९२ | १,०६९,२५३ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (९१,१६८,४३६) | (२३६,८७८,३९०) |
| लगानीमा (वृद्धि)/कमी | ८०,०००,००० | १०,०००,००० |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | ८२८,१३८ | १९,०२९,७६० |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख)** | **(९,०५२,८०७)** | **(२०६,७७९,३७७)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | |
| वित्त लागत | (२,८७१,५८४) | (५७८,४५८) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | ९१,८७९,९०३ | (१,०८३,८९९) |
| बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी)/प्राप्ती | - | (२,८५५) |
| खुद लाभांश भुक्तानी | (९,४१८,९८०) | (७१,१९१,३३६) |
| **वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)** | **७९,५८९,३३९** | **(७२,८५६,५४८)** |
| **नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)** | **(१८१,२२५,३०६)** | **१४,७६२,१७४** |
| वर्षारम्भमा नगद र नगद सरह | २०९,९१५,९९७ | १९५,१५३,८२३ |
| **वर्षान्तमा नगद र नगद सरह** | **२८,६९०,६९१** | **२०९,९१५,९९७** |

| (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| **प्रबन्धक वित्त** | **कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **बि के अग्रवाल एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस्** |

# सोल्टी होटल लिमिटेड

## आर्थिक वर्ष २०७७/७८ को संक्षिप्त वार्षिक एकिकृत आर्थिक विवरण

### २०७८ आषाढ मसान्तको एकिकृत (Consolidated) वित्तीय स्थितिको विवरण (वासलात)
### ३१ आषाढ २०७८ (१५ जुलाई २०२१) सम्मको

रुपैयाँ

| विवरण | टिप्पणी | ३१.०३.२०७८ (१५.०७.२०२१) | ३१.०३.२०७७ (१५.०७.२०२०) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति :** | | | |
| सम्पत्ति, मेशिनरी र उपकरण | ३.१ | १,४३३,१७६,३६९ | १,४३३,९६४,६३७ |
| अमूर्त सम्पत्ति | ३.२ | १,२०६,३३८ | २,०३४,७३९ |
| लगानी योग्य सम्पत्ति | ३.३ | ९१,१५५,७४१ | ९३,१३४,८६४ |
| स्थगन कर सम्पत्ति | ३.४ | १,१४१,३१६ | ५०,७१०,४५४ |
| लगानी | ३.५ | २७३,१४५,२५८ | २७३,१४९,१८० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | ३६,२७३,४८१ | ५८,३१९,१३५ |
| **कुल गैर चालु सम्पत्ति** | | **१,८३६,०९८,५०३** | **१,९११,३१३,००९** |
| **चालु सम्पत्ति :** | | | |
| जिन्सी मौज्दात | ३.७ | ७४,१३१,५०५ | ६८,७५२,२४६ |
| आयकर प्राप्य | ३.१४ | २७,९०६,०२१ | २०,७८४,६८० |
| लगानी | ३.५ | १०,०००,००० | ९०,०००,००० |
| व्यापार तथा अन्य प्राप्य | ३.६ | २०९,५८१,२१८ | २०३,३३१,७३६ |
| अग्रिम भुक्तानी | | ९,८९८,९८२ | ९,२२०,४९१ |
| नगद र नगद सरह | ३.८ | ४९,५६१,७४८ | २३०,०७०,२२८ |
| **कुल चालु सम्पत्ति** | | **३८१,०७९,४७४** | **६२२,१५९,३८१** |
| **कुल सम्पत्ति** | | **२,२१७,१७७,९७७** | **२,५३३,४७२,३९०** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा र मुनाफा** | | | |
| शेयर पूँजी | ३.९ | ८४२,५७९,७३० | ८४२,५७९,७३० |
| संचित मुनाफा तथा जगेडा | ३.१० | ६०२,४५६,१७५ | ८२६,४८७,३८९ |
| **नियन्त्रकको कुल पूँजी** | | **१,४४५,०३५,९०५** | **१,६६९,०६७,११९** |
| नियन्त्रण नहुने स्वार्थ | ३.११ | ८,१५२,६५० | ७,८७२,१२२ |
| **कुल पूँजी** | | **१,४५३,१८८,५५५** | **१,६७६,९३९,२४१** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व :** | | | |
| ऋण तथा सापटी | ३.१२ | १,१२४,७७९ | २,६०१,०२४ |
| कर्मचारी सुविधाहरु | ३.१३ | १७२,३०७,३५३ | ३७२,७३५,०८३ |
| व्यापार तथा अन्य देय | ३.१५ | २८,८०८,७०५ | ३७,५९९,११२ |
| **कुल गैर चालु दायित्व** | | **२०२,२४०,८३७** | **४१२,९३५,२१९** |
| **चालु दायित्व :** | | | |
| ऋण तथा सापटी | ३.१२ | ९४,५७९,५०४ | १,२२३,३५६ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ९,८८१,०२५ | ३५,६०४,९३५ |
| व्यापार तथा अन्य देय | ३.१५ | ४५७,२८८,०५६ | ४०६,७६९,६३९ |
| **कुल चालु दायित्व** | | **५६१,७४८,५८५** | **४४३,५९७,९३०** |
| **कुल दायित्व** | | **७६३,९८९,४२२** | **८५६,५३३,१४९** |
| **कुल पूँजी तथा दायित्व** | | **२,२१७,१७७,९७७** | **२,५३३,४७२,३९०** |

| (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| **प्रबन्धक वित्त** | **कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस्** |

# सोल्टी होटल लिमिटेड

## २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को एकिकृत (Consolidated) नाफा वा नोक्सान विवरण तथा अन्य कम्प्रीहेन्सीब आय (नाफा नोक्सान हिसाब)

(३१ आषाढ २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | टिप्पणी | २०७७-७८ (२०२०-२१) | २०७६-७७ (२०१९-२०) |
|---|---|---|---|
| संचालनबाट आम्दानी | ३.१६ | ४२०,२१२,३७७ | १,१५१,९४२,८४७ |
| अन्य आम्दानी | ३.१७ | ३५,०४३,१२९ | ११४,६१३,३०१ |
| **कुल आय** | | **४५५,२५५,५०६** | **१,२६६,५५६,१४८** |
| खाद्य तथा पेय पदार्थको खपत | ३.१८ | १२३,८९०,९७५ | २०६,२३९,६४४ |
| कर्मचारी सुविधा खर्चहरु | ३.१९ | २१३,९८३,८५८ | ४४३,५०५,४०२ |
| व्यवस्थापन शुल्क | | २,४५७,८५२ | २८,५२५,६११ |
| संचालन खर्च | ३.२० | ९४,८९४,५८६ | १८७,१४१,१८८ |
| ह्रास तथा परिशोधन खर्च | ३.१/३.२/३.३ | ९३,९९५,२४५ | ९१,९५३,०३७ |
| अन्य खर्च | ३.२१ | ९७,३१७,५६८ | १६६,२६२,६५१ |
| **कुल खर्च** | | **६२६,५४०,०८४** | **१,१२३,६२७,५३३** |
| **संचालनबाट मुनाफा** | | **(१७१,२८४,५७८)** | **१४२,९२८,६१५** |
| वित्त लागत | | २,८७१,५८४ | ५७८,४५८ |
| **कर अघिको मुनाफा** | | **(१७४,१५६,१६२)** | **१४२,३५०,१५७** |
| **आयकर** | | **४९,७१०,४९१** | **२८,३९६,२७०** |
| चालु आयकर | | १४१,३५३ | १६,४१८,३४२ |
| स्थगन कर खर्च/(आम्दानी) | ३.४ | ४९,५६९,१३८ | ११,९७७,९२८ |
| **निरन्तर संचालनबाट भएको मुनाफा** | | **(२२३,८६६,६५३)** | **११३,९५३,८८७** |
| **वर्षको खुद मुनाफा** | | **(२२३,८६६,६५३)** | **११३,९५३,८८७** |
| **अन्य कम्प्रीहेन्सीब आय** | | | |
| शेयर पूँजीको Fair Value मा भएको परिवर्तन | | (३,९२३) | २०० |
| **कुल कम्प्रीहेन्सीब आय** | | **(२२३,८७०,५७६)** | **११३,९५४,०८७** |

**खुद मुनाफाको हिस्सा :**

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | (२२४,११५,५६४) | ११३,५६२,८९७ |
| नियन्त्रण नहुने स्वार्थ | | २४८,९११ | ३९०,९९० |

**अन्य कम्प्रीहेन्सीब आयको हिस्सा :**

| | | | |
|---|---|---|---|
| नियन्त्रकको | | (३,९२३) | २०० |
| नियन्त्रण नहुने स्वार्थ | | - | - |

| | | | |
|---|---|---|---|
| आधारभुत (Basic) प्रति शेयर आम्दानी रु. | ३.२२ | (२.६६) | १.३५ |
| विलुप्त (Diluted) प्रति शेयर आम्दानी रु. | | (२.६६) | १.३५ |

| *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| **प्रबन्धक वित्त** | **कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस्** |

# सोल्टी होटल लिमिटेड

## २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को एकिकृत (Consolidated) नगद प्रवाह विवरण

(३१ आषाढ २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्ष)

रुपैयाँ

| विवरण | २०७७-७८ (२०२०-२१) | २०७६-७७ (२०१९-२०) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| वर्षको कर अधिको मुनाफा | (१७४,१५६,१६२) | १४२,३५०,१५७ |
| **समायोजनहरु :** | | |
| सम्पत्ति, मेशिनरी र उपकरण निसर्गबाट (नाफा)/नोक्सान | (५१८,५०९) | (५८४,२०१) |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | (२,०४१,११८) | (२१,१६३,७२०) |
| कर्मचारी ऋणको परिशोधन लागतमा ब्याज आम्दानी | (२०६,००९) | (२,१५०,५९८) |
| स्थगन कर्मचारी सुविधा खर्चको परिशोधन गरिएको | २०६,००९ | २,१५०,५९८ |
| व्यापार प्राप्यको लागि नोक्सानी व्यवस्था | ५,०००,००० | ५,०००,००० |
| बोनस व्यवस्था | - | १३,९९२,२८७ |
| सम्पत्ति, मेशिनरी, उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको ह्रास तथा परिशोधन | ९३,९९५,२४५ | ९१,९५३,०३७ |
| वित्त लागत | २,८७१,५८४ | ५७८,४५८ |
| **कार्यशील पूँजी परिवर्तन अधिको संचालन मुनाफा** | **(७४,८४८,९६०)** | **२३२,१२६,०१८** |
| व्यापार तथा अन्य प्राप्यमा भएको (वृद्धि)/कमी | १०,७९६,१७२ | ६४,४६८,६९८ |
| जिन्सी मौज्दातमा भएको (वृद्धि)/कमी | (५,३७९,२५९) | २८,६४३,५२४ |
| अग्रिम भुक्तानीमा भएको (वृद्धि)/कमी | (६७८,४९१) | १०,८८२,१६० |
| व्यापार तथा अन्य देयमा भएका वृद्धि/(कमी) | ५१,१४६,९९० | २४,९७३,६०३ |
| कर्मचारी सुविधामा भएको वृद्धि/(कमी) | (२१२,१५९,३५३) | (३७१,२०२) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **(२३१,१२२,९०१)** | **३६०,७२२,८०१** |
| बोनस भुक्तानी | (१३,९९२,२८७) | (३८,३९१,३१४) |
| आयकर भुक्तानी | (७,१४२,८०५) | (२८,२३५,३५०) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **(२५२,२५७,९९३)** | **२९४,०९६,१३७** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| सम्पत्ति, मेशिनरी र उपकरणको बिक्रीबाट प्राप्त | १,२८७,४९२ | १,०६९,२५३ |
| सम्पत्ति, मेशिनरी र उपकरण, लगानी योग्य सम्पत्ति र अमूर्त सम्पत्तिको खरिद | (९१,१६८,४३६) | (२३६,८७८,३९०) |
| लगानीमा (वृद्धि)/कमी | ८०,०००,००० | १०,०००,००० |
| अवधिक तथा कल बचतमा ब्याज आम्दानी | २,०४१,११८ | २१,१६३,७२० |
| **लगानी गतिविधिबाट भएको खुद नगद प्रवाह (ख)** | **(७,८३९,८२६)** | **(२०४,६४५,४१७)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | |
| वित्तिय लागत | (२,८७१,५८४) | (५७८,४५८) |
| ऋण तथा सापटीको वृद्धि/(भुक्तानी) | ९१,८७९,९०३ | (१,०८३,८९९) |
| बोनस शेयरको खण्डित मूल्यमा नगद प्राप्ती | - | (२,८५५) |
| लाभांश भुक्तानी | (९,४१८,९८०) | (७१,१९१,३३६) |
| **वित्तिय गतिविधिबाट भएको खुद नगद प्रवाह (ग)** | **७९,५८९,३३९** | **(७२,८५६,५४८)** |
| **नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)** | **(१८०,५०८,४८०)** | **१६,५९४,१७२** |
| वर्षारम्भमा नगद र नगद सरह | २३०,०७०,२२८ | २१३,४७६,०५६ |
| **वर्षान्तमा नगद र नगद सरह** | **४९,५६१,७४८** | **२३०,०७०,२२८** |

| (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| प्रबन्धक वित्त | कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस् |

# सोल्टी होटल लिमिटेड

## संचालक समितिको संक्षिप्त प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

आदरणीय शेयरधनी महानुभावहरुलाई कम्पनीको ४७औं वार्षिक साधारण सभामा स्वागत गर्न पाउँदा हामीलाई अत्याधिक खुशि महसुस भएको छ । यहाँहरु समक्ष कम्पनीको ४७औं वार्षिक प्रतिवेदन तथा ३१ आषाढ २०७८ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक बर्षको लेखा परिक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वीत भएका छौं । कम्पनीले कानूनी प्रावधानको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard, NFRS) को मापदण्डको आधारमा वित्तीय विवरणहरु तयार पारी प्रस्तुत गरिएको छ ।

**कारोबार संचालन गतिविधिहरुको समीक्षा**

२०७६ साल चैत्र महिना देखी विश्वव्यापी रुपमा फैलिएको कोरोनाभाइरस कोविड १९ संक्रमण महामारीको प्रकोप पश्चात् सम्पूर्ण पर्यटन उद्योग विशेष गरी आतिथ्य क्षेत्र निकैनै कठिन र चुनौतीपूर्ण भएको छ, जसले नेपालको पर्यटन उद्योगमा गम्भीर प्रतिकूल प्रभाव पारेको छ । कोरोनाभाइरस कोभिड-१९ महामारीको प्रकोप पछि होटेल संचालनमा गम्भीर चुनौतीका साथ व्यवधान सृजना भयो जसको प्रत्येक्ष नकारात्मक असर होटेल संचालन सम्बन्धी गतिबिधीहरुमा पर्‍यो । विश्वका सबै मुलुकहरुले विदेशी पर्यटन तथा यात्रु आवागमनलाई प्रतिबन्धीत वा नियमन गरे । यस वर्ष नेपाल, भारत, र अन्य पर्यटक गन्तव्यहरुमा कोरोना भाइरस कोविड-१९ संक्रमणको दोस्रो लहरको संक्रमण नियन्त्रण गर्नका लागि ती देशहरुले बन्दाबन्दी (लकडाउन) घोषणा गरे र सो अवधिमा पर्यटन उद्योग पूर्ण वा आंशिक रुपमा बन्द रहे भने क्वारिन्टीन सहित पर्यटन तथा यात्रु आगमन अत्यन्तै न्यून रह्यो वा पर्यटन उद्योग बन्दनै रहे ।

गत आर्थिक वर्षको दाँजोमा समिक्षा आर्थिक वर्ष २०७७/७८ मा कूल आम्दानी ६४.०९% ले ह्रास आएको छ (गत वर्ष ३१.०९% ह्रास), जुन नेपालमा २४ मार्च २०२० पछि संक्रमण रोक्न राष्ट्रव्यापी रुपमा गरिएको लकडाउनको कारणले अप्रत्याशित थिएन । त्यसपछि यस वर्ष नेपाल सरकारले कोभिड-१९ संक्रमण रोक्नका लागि २०७८ बैशाख १३ गते (२६ अप्रिल २०२१) बाट पुनः दोश्रो पटक बन्दाबन्दी (लकडाउन) घोषणा गरे पश्चात् नेपाल लगायत विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय हवाई उडानहरु प्रतिबन्धित रहेको कारण कूल आम्दानी प्रभावित भयो । समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. ४५,३९.२७ लाख (अघिल्लो आर्थिक वर्ष रु. १,२६,४०.०९ लाख) रहेको छ जुन गत आर्थिक वर्षको तुलनामा रु. ८१,०२.८९ लाखले घटेको छ (गत वर्ष रु. ५७,०३.२० लाख) । अघिल्लो आर्थिक वर्षको नगद मुनाफा रु. २३,१८.७६ लाख आर्जन गरेको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीलाई रु. ८,१३.७० लाख नगद नोक्सानी भएको छ । त्यसैगरी, समीक्षा आर्थिक वर्षमा कम्पनीको कर पश्चातको खुद नोक्सानी अघिल्लो आर्थिक वर्ष रु. ११,२०.४२ लाख मुनाफाको तुलनामा समिक्षा आर्थिक वर्षमा रु. २२,४९.३३ लाख खुद नोक्सानी हुन गयो ।

आर्थिक वर्ष २०२०/२१ को खुद नोक्सानीमा कम्पनीको कर्मचारी प्रोत्साहन सहितको अवकाश योजना (Employee's Incentive Exit Scheme) अन्तर्गत पुराना कर्मचारीहरुले अवकाश ग्रहण गर्दा भुक्तान गरिएको रु. ६,७८.६० लाख समावेश छ जसबाट दीर्घकालिन रुपमा कम्पनीको वीत्तीय नतिजामा सकारात्मक प्रभाव पार्ने छ ।

| (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | (दस्तखत) | लेखापरिक्षक |
|---|---|---|---|---|---|
| प्रबन्धक वित्त | कम्पनी सचिव | उपाध्यक्ष | संचालकहरु | कार्यकारी अध्यक्ष | बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस् |

**कार्यप्रगतिको झलक:**

**वित्तीय नतिजाहरु**

आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्:–

रुपैंया लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|
| | २०७७/७८ | २०७६/७७ | |
| **कुल आम्दानी** | ४५,३९.२७ | **१,२६,४०.०९** | (६४.०९%) |
| कुल खर्चहरु | ६२,६४.१९ | १,१२,३५.०८ | (४४.२४%) |
| **संचालनबाट मुनाफा /(नोक्सानी)** | (१७,२४.९२) | **१४,०५.०१** | (२२२.७७%) |
| न्यूनः वित्त लागत | २८.७२ | ५.७८ | ३९६.८९%) |
| **आयकर अघिको मुनाफा /(नोक्सानी)** | (१७,५३.६४) | **१३,९९.२३** | (२२५.३३%) |
| आयकर व्यवस्था | – | १,५९.०३ | (१००.००%) |
| स्थगन कर खर्च/(आम्दानी) | ४,९५.६९ | १,१९.७८ | (३१३.८४%) |
| **आयकर पछिको खुद मुनाफा /(नोक्सानी)** | (२२,४९.३३) | **११,२०.४२** | (३००.७६%) |
| **यस वर्ष खुद मुनाफा /(नोक्सानी) जगेडामा सारेको** | (२२,४९.३३) | **११,२०.४२** | (३००.७६%) |

**संक्षिप्त वार्षिक आर्थिक विवरणमा अन्य उल्लेख गर्नुपर्ने कुराहरु :**

१. कम्पनीको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को यो संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकहरुको प्रतिवेदनको आधारमा तयार पारिएको छ ।

२. आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) मा कम्पनीले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टीङ्ग स्ट्याण्डर्ड) अनुरुप सबै वित्तीय प्रतिवेदनहरु नेपाल वित्तीय प्रतिवेदन मान **(Nepal Financial Reporting Standards– NFRS)** बमोजिम तयार गरी लेखापरिक्षण गरी कम्पनीका लेखापरिक्षकको प्रतिवेदन प्राप्त भए पश्चात् कम्पनीको अभिलेखमा रहेको पूर्णपाठ अनुसार यो संक्षिप्त आर्थिक विवरण तयार गरिएको छ र यस संक्षिप्त आर्थिक विवरणले सोको सही चित्रण गर्दछ ।

३. यो संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

४. संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरुप छ र सो को विवरण तोकिएको ढाँचा अनूकुल छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | *(दस्तखत)* | **लेखापरिक्षक** |
| **प्रबन्धक वित्त** | **कम्पनी सचिव** | **उपाध्यक्ष** | **संचालकहरु** | **कार्यकारी अध्यक्ष** | **बि के अग्रवाल एण्ड कं. चाटर्ड एकाउण्टेण्टस्** |

मिति : २२ अश्विन २०७८
स्थान : काठमाण्डौं, नेपाल

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

मितिः ................................

श्री सञ्चालक समिति
सोल्टी होटल लिमिटेड
ताहाचल, काठमाडौं ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

................................जिल्ला .............................. मा.न.पा.। न.पा. । गा. पा., वडा नं................बस्ने म । हामी ...................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७८ साल मंसिर महिना २८ गते मंगलबार का दिन हुने ४७औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ................ जिल्ला ............. मा.न.पा. । न.पा. । गा.पा., वडा नं. ............ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..................... शेयर प्रमाण पत्र नं. / BOID No. .................................. लाई मेरो / हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु । छौं ।

निवेदक

शेयरधनीको दस्तखतः

नामः ...................................................

ठेगानाः .................... ........................... ................ .......

शेयर प्रमाणपत्र नं. / BOID No. ..................................................

भौतिक प्रमाणपत्र भएमा शेयरधनी संकेत नं. ............

स्वामित्वमा रहेको जम्मा शेयर संख्याः.............

मितिः ................................

द्रष्टब्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# Name & Address of Receiver Shareholder:-


रजिष्टर्ड कार्यालय
ताहाचल, काठमाण्डौं, नेपाल
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : legal@soaltee.com.np